# ४. प्रेम के हो ?

ं. मुख्य पदहरु

१कोरिन्थी १३:१-३
१यूहन्ना ३:१-२४
मत्ती २२:३६-४०
रोमी १३:८-१०
१यूहन्ना ४:७-२१
१पत्रस ४:८
एफिसी ३:१७-१९

।. प्रेम के हो ?

*"प्रेम सहनशील हुन्छ र दयालु हुन्छ. प्रेमले डाह गर्दैन, न शेखी गर्छ. प्रेम हठी हुदैन, न ढीठ हुन्छ. प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाव राख्दैन. प्रेम खरावीमा प्रशन्न हुदैन तर ठीक कुरामा रमाउंछ. प्रेम सबै कुरामा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थीर रहन्छ. प्रेमको कहिल्यै अन्त हुदैन. अगमवाणीहरु बितेर जान्छन्, भाषाहरु बन्द हुनेछन्, ज्ञान टलिजाने छ।" (१कोरिन्थी १३:४-८).*

नयाँ नियममा "प्रेम" को निम्ति प्रायश: प्रयोग भएको शव्द "अगापे" agape हो. क्रिश्चियन धर्मलाई दर्शाउने यो शव्द विशेष महत्वको छ किनभने यस अगाडि यो शव्दका बारेमा कम्ती मात्रै परिचित थिए. यो शव्दले वलिदानात्मक, निसर्त र निस्वार्थ प्रेमलाई देखाउंछ. यो शव्दको वास्तविक अर्थ के हो त्यो देखाउन परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टलाई संसारमा कष्ट भोग्न र हामी अयोग्यहरुका निम्ति मर्न पठाउनुभयो.

*"यसैबाट प्रेम के हो हामी थाहा पाउंछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो. हामीले पनि आफ्ना दाज्यू भाईहरुका निम्ति आफ्नो प्राण दिनुपर्छ"* (१यूहन्ना ३:१६).

*"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।"* (रोमी ५:८)

*"प्रेम यसैमा छ कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौ, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, हाम्रा पापको प्रायश्चित हुनको निम्ति आफ्ना पुत्र*

*पठाउनुभयो."* (१यूहन्ना ४:१०) एफिसी २:४-५ र यूहन्ना ३:१६ पनि हेर्नुहोस्.

योभन्दा अझ बढी त उहाँलाई प्रेम गर्न परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ. "अगापे प्रेममा एउटा सिद्ध पुरुषले अयोग्य र सामान्य कुराहरुका निम्ति गहन तथा निरन्तरको प्रेम प्रकट गर्छ. यसले दाताप्रति आदरणीय प्रेम प्रकट गर्न लगाउंछ र सहभागी बन्धुहरु एक आपसमा व्यवहारिक प्रेममा बांधिन्छन. त्यसरी दान प्राप्तकर्ताहरुले एकार्कालाई दाता चिनाउन मदत गर्दछन्." (ए. इ. भाइन, व्याख्यात्मक शव्दकोश).

अर्को शव्दमा, परमेश्वरले हामीलाई गहिरो प्रेम गर्नुहुन्छ र उहाँलाई प्रेम गर्नमा हामीलाई मदत गर्नुहुन्छ, अन्य क्रिश्चियन र संसारका अरु मानिसहरुलाई प्रेम गर्दै तिनीहरुलाई परमेश्वरतिर डोऱ्याउन सहायता गर्नुहुन्छ. यस प्रकारले उहाँलाई प्रेम गर्नुको अर्थ हाम्रो जीवनमा उहाँको इच्छालाई सर्वोच्च स्थान दिएर परमेश्वरलाई खुशी पार्नु हो. परमेश्वरलाई हाम्रो सारा थोकले साँचो प्रेम गर्नु नै हाम्रो निम्ति सबैभन्दा ठूलो आज्ञा हो (मत्ती २२:३६-४०, व्यवस्था ६:४-७).

ग. परमेश्वरको निम्ति हाम्रो प्रेम कसरी देखाउने ?

१. **परमेश्वर जे हुनुहुन्छ त्यसको निम्ति हामी धन्यवादी हुने.** परमेश्वर पिता प्रेम, क्षमा, कृपा, विश्वसनीयता र न्याय आदिको परमेश्वर हुनुहुन्छ.

२. **हाम्रो निम्ति परमेश्वरले गर्नुभएका सबै कामका लागि उहाँलाई धन्यवाद दिँदै हामी आनन्द मनाउन सक्छौं.** उहाँले हाम्रा निम्ति महान कामहरु गर्नुभएको छ जबकि हामी यसको निम्ति योग्यका थिएनौं. बिशेष गरी उहाँले आफ्नो पुत्र पठाएर हामी माझ आफैंलाई प्रकट गर्नुभयो. उहाँको राज्यको एक हिस्सा हुन र उहाँको सन्तान हुनका निम्ति परमेश्वरले हाम्रो लागि ढोका खोलिदिनुभयो (१यूहन्ना ३:१).

३. **परमेश्वरलाई अझ बढी जान्ने इच्छा हामीमा हुनुपर्छ.** विशेष गरी त्यतिवेला जब हामी उहाँसँगको प्रार्थना र सँगतिमा उहाँको वचनमाथि ध्यान अनि मनन गर्छौं.

४.**परमेश्वरलाई मन पर्ने किसिमको जीवन हामी जिउनसक्छौं** - हामीले निम्नअनुसारको काम गरेका वेलामा मात्र यो सम्भव हुनसक्छ.

- परमेश्वरले महत्वपूर्ण ठान्नुभएका कुराहरु हामीले पनि महत्वपूर्ण ठान्नुपर्छ. (प्रगति गर्दै येशूजस्तै हुन, एक-अर्कालाई प्रेम देखाउन र सारा संसारमा गएर येशूको निम्ति चेला बनाउने काममा मदत गरेर).
- संसार र हामी आफैंलाई भन्दा परमेश्वरलाई मनपर्ने जीवन जिएर (१यूहन्ना २:१५-१७).
- राजीखुशी साथ परमेश्वरको निम्ति संसारको फिक्री गरेर (मत्ती ६:९-१०).
- परमेश्वरको निम्ति राजीखुशीसाथ वलिदान गरेर र आवश्यक परेमा वा उहाँले चाहनुभएमा हामीसँग भएको सबैथोक दिएर (मर्कूस १२:४१-४४).

५. **परमेश्वरको वचन र आज्ञाप्रति विश्वासी भएर** (यूहन्ना १४:१५; मत्ती ७:२१-२३; १यूहन्ना ५:२-३).

६. **जब हामी बोल्छौं, प्रार्थना गर्छौं, भजन गाउंछौं र प्रशंसा गर्छौं त्यतिवेला हामी उहाँलाई प्रेम गर्छौं भनेर उद्गार पोख्नसक्छौं.**

७. **उहाँका सबै वचनवद्धताप्रति हामी हाम्रो सम्पूर्ण प्रतिबद्धता देखाउन सक्छौं** (यूहन्ना २१:१५-१७).

८. **हामीले आफ्ना भाइहरुलाई मात्र नभएर शत्रुहरुमाथि पनि प्रेम गर्नुपर्छ.**
अगापे प्रेमले सधैं अरुको भलाई गर्नखोज्छ.
*"हामी जान्दछौं, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं, किनभने हामी आफ्ना दाज्यू-भाईहरुलाई प्रेम गर्छौं. जसले प्रेम गर्दैन त्यो मृत्युमा रहिरहन्छ."* (१यूहन्ना ३:१४).
*"कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाज्यू-भाइहरुलाई खांचोमा परेको देख्दा उनीहरुप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ ? साना बालकहरु, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं."*
(१यूहन्ना ३:१७-१८).
*"आफ्ना शत्रुहरुलाई प्रेम गर र तिमीहरुलाई सताउनेहरुका निम्ति प्रार्थना गर."* मत्ती ५:४४
(यूहन्ना १३:३४-३५; रोमी १२:९-१०; गलाती ५:१४ र १पत्रस ४:८ पनि हेर्नुहोस्).

## घ. प्रेम महत्वपूर्ण छ

परमेश्वरको राज्यमा प्रेम अति महत्वपूर्ण गुण हो. पहाडसम्म हटाउनसक्ने, सर्वज्ञानी, भएजति सबै गरीबहरुलाई दिने दानी र विश्वासको निम्ति प्राणै अर्पण गरेतापनि प्रेम छैन भने ती सबै कार्यको कुनै अर्थ हुदैन (१कोरिन्थी १३:१-३). आत्माका वरदानहरु तथा ज्ञान महत्वको छ तर अन्तमा सबै कुराहरु स्पष्ट हुनेछन र ती रहस्यका कुराहरुको कुनै महत्व रहनेछैन. त्यसकारण यदि हामीले हाम्रा सेवकाईहरु तथा आफ्नो जीवनका सबै कुराहरु तिनीहरुमा आधारित गऱ्यौं भने हामीसँग केही पनि बाँकी रहनेछैनन् किनभने हामीले महत्वपूर्ण ठानेका कुराहरु अन्तमा ती बिलाएर जानेछन्. तिनीहरु केटाकेटीहरुका खेलौना जस्ता हुनेछन्. हामी केटाकेटी हुंदा हामीलाई ती कुराहरुको आवश्यकता पर्दछ र ती केवल रमाइलोका लागि हुन्. तर परिपक्व उमेरको भैसकेपछि हामीलाई तिनीहरुको आवश्यकता पर्दैन. हामी बढी परिपक्व तथा महत्वका कुराहरु जस्तै विश्वास, आशा र प्रेममा बढ्दै उपयोगी र फलदायी (सबैभन्दा बढी प्रेममा) हुनुपर्छ.

क्रिश्चियन धर्मको ठूलो बल प्रेम हो, अगमवाणी र चंगाई होइनन्. अन्य सबै कुराहरु बितेर जानेछन् तर प्रेम सधैं रहिरहन्छ. परमेश्वरको प्रेम प्रदर्शन गर्नका निम्ति आत्माका वरदानहरु एक माध्यम हुन तर धेरैचोटी हामी ती वरदानहरुमा बढी ध्यान दिन थाल्छौं र हामीलाई उक्त वरदानहरु किन दिइएको हो सो बिर्सन्छौं. वरदानहरु त मानिसहरुलाई येशूतिर औंल्याउनका निम्ति हो अनि परमेश्वरको प्रेम तिनीहरुकहाँसम्म पुऱ्याउनका निम्ति हो (१कोरिन्थी १३:८-१३). प्रेमको वर्णन गरेका अंशहरुले पवित्र आत्माका वरदानहरु बारे वर्णित बाइबलका अंशहरुबीच सन्तुलन ल्याएको छ. ती दुईलाई छुट्याउन सकिदैन किनभने प्रेमविनाको शक्ति खतराजनक हुन्छ. प्रेम प्रदर्शन गर्नका निम्ति मात्र शक्तिको उपयोग हुनुपर्छ. प्रेमको कदर हुन्छ. परमेश्वर र अरुलाई गरेको प्रेम नै उहाँको निम्ति हामीले गर्ने सबै कामको प्रेरणा हुनुपर्छ.

## ङ. प्रेमले ख्रीष्टको शरीर (मण्डली) लाई एकतामा बाँधिराख्छ

परमेश्वरको प्रेम सिमेन्ट जस्तै हो र यसले ख्रीष्टको शरीर (मण्डली) लाई एकजुट बनाइराख्छ. प्रोत्साहन, निस्वार्थभाव तथा बिचारशील कामहरुद्वारा एकतालाई कार्यरुपमा परिणत गर्नुपर्छ. हामी आफ्ना कामहरुमात्र होइन

तर अरुले व्यक्त गरेका विचारहरुप्रति हाम्रो कस्तो प्रतिक्रिया हुन्छ त्यसबारेमा पनि बडो होशियार हुनुपर्छ. यो प्रेमको परीक्षा हो. याद गर्नुहोस् हाम्रा गल्तीहरुप्रति परमेश्वर कति सहनशील हुनुहुन्थ्यो त्यसैगरी हामी पनि अरुहरुका दोषहरुप्रति सहनशील हुनुपर्छ. अरुको दोषको तुलनामा आफ्नो दोष नगण्य र महत्वहीन छ भन्ने तपाई ठान्नुहुन्छ तर अरुहरु र परमेश्वर त्यस्तो विचार गर्नुहुन्न (मत्ती ७:१-५).

क्षमाशील परमेश्वर विना हाम्रो के हाल हुन्थ्यो होला ? (हिब्रु ९:२७-२८). तपाईंको विरुद्धमा जाने व्यक्तिले “माफ गर्नुहोस् मैले गल्ती गरें” भन्नुभन्दा पनि अगाडि तपाई आफ्नो हृदयमा क्षमाशील हुनुपर्छ. येशू बाहेक अरु कोही पनि सिद्ध छैन. हामी सबै असफल मानिसहरु हौं, विशेषगरी सम्बन्ध सुधारमा. मानिसहरुका असल कुराहरुमा ध्यान दिनुहोस, दोषहरुमा हैन. कमजोरहरुसँग धिरज धर्नुस (१तिमोथी १:१५-१७). विश्वासीहरु बीच सँगति टुटेको वेला अरु मानिसले गल्ती गरेकै भएपनि पहिलो पाइला चाल्न तपाई जिम्मेवार हुनुहुन्छ. ती मानिसहरु फर्केर उहाँसँगै ठीक ठाउँमा बसेको परमेश्वर इच्छा गर्नुहुन्छ. त्यसकारण तिनीहरुलाई क्षमा दिएर आफूपट्टि मिलाउनुस (एफिसी ४:३२). “एक दोश्रालाई सहेर” र “क्षमाशील हृदयको भएर” भन्ने वाक्य एकदोश्रोसँग मिल्दो विचार छ, अथवा भनेको अर्थ “एउटै” हो (कलस्सी ३:१३). तर हामी येशूका चेलाहरु हुना वित्तिकै ती कुराहरु हामीबाट स्वतस्फूर्त रुपमा निक्लिजादैनन्. यी कामहरु सोची विचारिकन गरिने हृदयका इच्छाहरु हुन. ख्रीष्टको शरीरमा हामीले मूल्य चुकाउन परे तापनि हामीले सोची विचारिकन स्वेच्छाद्वारा एकता कायम गर्न पहल गर्नुपर्छ.

च. जसले प्रभुलाई प्रेम गर्दछन तिनीहरुले थुप्रै आशिष पाउनेछन्

*आशिषमा तलका कुराहरु पनि समावेश छन् :*

- परमेश्वर विश्वासयोग्य हुनुहुन्छ. हजारौं पुस्तासम्म “प्रेमको करार” कायम राख्नुहुनेछ (व्यवस्था ७:९; प्रस्थान २०:६).
- तिनीहरुलाई परमेश्वरको प्रेमले पछ्याउनेछ (भजन २३:६).
- तिनीहरुमाथि दृष्टि दिनुहुनेछ (भजन १४५:२०).
- परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुहुनेछ (हितोपदेश ८:१७).

- आँखाले नदेखेका र कानले नसुनेका तथा मानिसहरुले मनमा नसोचेका यिनै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ (१कोरिन्थी २:९).
- उहाँलाई प्रेम गर्नेहरु र उहाँको अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ (रोमी ८:२८).
- तिनीहरुमा परमेश्वर वास गर्नुहुन्छ (१यूहन्ना ४:१६).

छ. परमेश्वरको प्रेम प्राप्त गर्ने ५ तरीकाहरु

१. **परमेश्वरबाट सीधै**. हाम्रो जीवनमा परमेश्वरले आफ्नो प्रेमले भर्नुहुन्छ (१थेस्स ३:१२; २ पत्रस १:३).

२. **परमेश्वरको ज्ञानमा क्रमशः वृद्धि गरेर**. उहाँसँग समय बिताएर, प्रार्थना गरेर, उहाँको आवाज सुनेर प्रशंसा आराधना गर्दै उहाँको खोजी गरेर. (यूहन्ना १७:२६; १यूहन्ना ४:८).

३. **परमेश्वरको आज्ञा बुझेर त्यसको पालना गर्दै** (यूहन्ना १४:२१). परमेश्वरलाई पहिलो स्थान दिने, अरुलाई दोश्रो र आफैंलाई चाहि अन्तिम स्थानमा राख्ने.

४. **पवित्र आत्माले हाम्रो जीवनमा प्रेमको फल फलाउन सक्नुहुनाको निम्ति आफैंलाई उहाँमा सुम्पिदिने** (रोमी ५:५; गलाती ५:२२).

५. **परमेश्वरले नचाहनु भएको कुराहरुलाई एकातिर पन्छाएर प्रेमलाई सही प्रकारले आफूमा धारण गर्न होस-हवाससाथ छनौट गर्ने**. प्रेम हामीलाई उपलब्ध छ. यसलाई हामी स्वीकार वा तिरस्कार गर्नसक्छौं, यसमा काम गर्नसक्छौं अथवा यसको बेवास्ता गर्नसक्छौं (कलस्सी ३:१२-१४; २पत्रस १:५-९). शुद्ध हृदय लिएर प्रभुलाई पछ्याउनेहरु सँग-सँगै प्रेमलाई आफ्नो लक्ष बनाउनुहोस् (२तिमोथी २:२२).

ज. प्रेम हाम्रो लक्ष हो

आफ्नो सेवकाईमा पावलले प्रेमलाई आफ्नो लक्ष बनाएका थिए. १तिमोथी १:३-७ मा परमेश्वरको प्रेम हाम्रो जीवनमा निर्माण हुनको निम्ति तीन कुराहरुको आवश्यकता भएको तथ्यमाथि पावल औंल्याउंछन. परमेश्वरले इच्छा गर्नुभएका कुराहरुमा यी तीन कुराहरुको अभाव भयो भने तिनीहरुले परमेश्वरको प्रेममा बाधा पुर्‍याउनेछन. यसरी हामीलाई आवश्यक भए अनुसार र परमेश्वरले चाहनुभए मुताबिक उहाँको प्रेम प्राप्त गर्न हामी असफल हुनेछौं. ती तीन बुँदाहरु :

१. **शुद्ध हृदय -**

परमेश्वरले आफैंलाई हामीभित्र आउन दिनुभन्दा अगाडि हाम्रो हृदय शुद्ध र सफा हुनुपर्छ. सफा हुनको निम्ति येशूले क्रूसमा रगत बगाएर गर्नुभएको कामलाई हामीले स्वीकार गर्नुपर्छ. यो बगाइएको रगतले परमेश्वरको क्षमा र शुद्धता प्राप्त गर्नमा हामीलाई सघाउ पुऱ्याउँछ. हामीले केवल हाम्रा पापहरु मानिलिनुपर्छ. हामीले अरुलाई पनि क्षमा गर्नुपर्छ किनभने हामी जसले धेरै कुरामा क्षमा पाएका छौं अरुहरुप्रति वैमनस्यताको भावना राख्नुहुँदैन. शुद्धताले निरन्तरतालाई पनि देखाउंछ. हामी जस्तोसुकै परिस्थितिमा होऔं वा जोसुकैसित होऔं हामी पनि त्यस्तै भएर त्यसै अनुसार गर्नुपर्छ (१पत्रस १:२२; २तिमोथी २:२२; मत्ती ५:८).

२. **असल विवेक -**

हाम्रो विवेकमा शान्ति हुनुपर्छ. विवेक खल्बलिएमा हामी हाम्रो तोकिएको सीमाना पार गर्दै पापमय अवस्थामा पुग्नसक्छौं. परमेश्वरको खतराको घण्टी हाम्रो विवेक हो. यो घण्टी बज्नथालेपछि हामी स्वयंसित र परमेश्वरसित पनि हाम्रो सम्बन्धमा सुधार ल्याउन थाल्छौं. परमेश्वरको उपस्थितिको सामुन्ने साहसपूर्वक आएर हाम्रो जीवनमा उहाँको प्रेम प्राप्त गर्न शुद्ध विवेकले हामीलाई सहायता गर्छ (१ तिमोथी १:१९; प्रेरित २४:१६). हाम्रो विवेकलाई खल्वल्याउने किसिमका हामीले गरेका पापहरुको परमेश्वरसित क्षमा मागेपछि येशूको रगतले यसलाई फेरि शुद्ध र सफा तुल्याउंछ (हिब्रु ९:१४).

३. **साँचो विश्वास -**

विश्वासद्वारा हामी जिउनुपर्छ. *"विश्वास विना परमेश्वरलाई रिझाउनु असम्भव छ"* (हिब्रु ११:६). स्थिर रहन र अगाडि बढनको निम्ति हामीसँग विश्वास हुनुपर्छ. यसो गर्नको निम्ति हामी हाम्रा मानवश्रोतमा निर्भर हुन सक्दैनौ. आफैंबाट बाहिर निस्केर हामीले परमेश्वरमा पाइला चाल्नुपर्छ. यसको अर्थ हो हाम्रो जीवन परमेश्वरलाई सँचालन गर्न दिनु. यसको मतलव यो हुन्छ - परमेश्वरलाई गाडीको केवल स्टेयरिङ्ग ह्विल मात्र नदिएर पूरा गाडी नै सुम्पिदिनु हो. यसो भयो भने उहाँ जहाँ मनलाग्यो त्यहाँ जान सक्नुहुन्छ र हामीचाहिं उहाँकासाथ लागिरहनेछौं. त्यसपछि हाम्रो जीवनमा परमेश्वरले अति महत्वपूर्ण प्रेमको निर्माण गर्न सक्नुहुन्छ (गलाती ५:६).

## झ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. के हामीले परमेश्वरलाई गरेको प्रेमको चिन्हलाई उहाँले स्वीकार गर्नुहुन्छ ?

२. लूका १०:२५-३७ पढ्नुहोस्
   अनन्त जीवन पाउन हामीले के गर्नुपर्छ ?
   हाम्रो छिमेकी को हो ?
   हाम्रो छिमेकीसित हामीले कस्तो व्यवहार गर्नुपर्छ ?

३. १यूहन्ना ४:७-२१ पढ्नुहोस्
   प्रेम कहाँबाट आउंछ ?
   हामीमा प्रेम कसरी पूर्ण हुन्छ ?
   परमेश्वरले हामीलाई देखाउनुभएको प्रेममा हामी कसरी भरपर्न सक्छौं ?
   प्रेमले हामीमा किन पूर्णता प्राप्त गरेको छ ?
   प्रेममा कुनै डर लुकेको हुन्छ कि ? हुन्छ भने किन ?
   के हामीले परमेश्वरलाई प्रेम गरे तापनि हाम्रो भाइलाई हेलाँ गर्नसक्छौ" ?

४. मण्डली र संसारसित आफ्नो सम्बन्ध सुधार गर्नसक्ने तरीका बारे छलफल गर्नुहोस्.

५. हाम्रो निम्ति परमेश्वरले आफ्नो पुत्रलाई बलिदान गर्नुभयो. स्वेच्छाले हामी उहाँलाई के दिनसक्छौं र उहाँको निम्ति के छोडनसक्छौं ?

६. ख्रीष्टका चेलाहरुमा परमेश्वरको प्रेमले किन पछ्याउंछ ? (भजन २३:६).

७. प्रेम हाम्रो सर्वोच्च लक्ष हुनुपर्ने किन ?

## ञ. सारांश र प्रयोग

१. अगापे प्रेम हाम्रो निम्ति परमेश्वरको प्रेम हो र हामीले अरुलाई यही प्रेम गरेको उहाँ चाहनुहुन्छ. यो निश्वार्थ, बलिदानात्मक र निसर्त: प्रेम हो.

२. हामीमा प्रेम छैनभने हामी केही होइनौ. प्रेम बिना हामीले केही गर्‍यौं भने त्यसको कुनै महत्व हुँदैन (१कोरिन्थी १३:१-३).

३. प्रेम नगर्ने मानिसले परमेश्वरलाई पनि प्रेम गर्दैन किनभने उहाँ प्रेम हुनुहुन्छ (१यूहन्ना ४:८)

४. “त्यसकारण तिमीहरु प्रिय बालकहरुझैं परमेश्वरको देखासिकी गर्नेहरु होओ. तिमीहरु प्रेममा चल, जसरी खीष्टले पनि हामीसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैंलाई हाम्रा निम्ति अर्पण गर्नुभयो” (एफिसी ५:१-२).

५. काम अनुसार प्रेम देखिन्छ.

६. खीष्टको शरीरलाई सिमेन्ट रुपि प्रेमले एक बनाइराख्छ.

७. परमेश्वरलाई प्रेम गर्नाले धेरै आशिष प्राप्त हुन्छ.

८. सबै कुराहरु प्रेममा गर (१कोरिन्थी १६:१४)